नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३२, ०१-४४१२७३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्याः ४-०३-०२ (०७९/०८०) च.नं.:- ९४३८ मितिः २०८०।०१।२७ गते
प्रा.प.सं. :

विषयः **प्रेस विज्ञप्ति**

हालका दिनहरुमा कतिपय अनलाईन तथा छापा मिडियाहरु र विभिन्न सामाजिक सञ्जालहरुमा प्रहरीबाट अनुसन्धानको क्रममा रहेको भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपाली सर्वसाधारणहरुलाई ठगी गरी संगठित अपराध गरेको मुद्दाको विषयलाई लिएर गलत, मनोगत, अनुमानमा आधारित भ्रमपूर्ण समाचार सम्प्रेषण भएको सन्दर्भमा नेपाल प्रहरीको ध्यानाकर्षण भएको छ।

यस्ता तथ्यहीन तथा भ्रामक समाचारबाट जनमानसमा गलत सूचना प्रवाह हुनजाने र मुद्दाको अनुसन्धानमा समेत नकारात्मक प्रभाव पर्नसक्ने भएकाले तथ्यमा आधारित रहेर मात्र सूचना सम्प्रेषण गर्न, गराउन हुन अनुरोध गरिएको छ। तथ्य र वस्तुगत प्रमाणमा आधारित रहेर अनुसन्धानलाई सारभूत रुपमा निष्कर्षमा पुऱ्याउन नेपाल प्रहरी प्रतिवद्ध छ। सही, सत्य र तथ्यमा आधारित सूचना र समाचार सम्प्रेषण गरी नेपाल प्रहरीलाई अनुसन्धान कार्यमा सहयोग गरिदिन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

प्रहरी वरिष्ठ उपरीक्षक
(दिपेन्द्र जि.सी.)